# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ | संख्याः ११ | मिति : २०८२/०८/०८

## भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२/०८/०८ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको नियम नं. ११

**एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२**

# एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२

प्रमाणिकरण मितिः २०८२।०८।०८
प्रकाशन मितिः २०८२।०८।०८

**प्रस्तावना**

गाउँपालिका अन्तरगतका सरकारी स्वास्थ्य संस्थाबाट सञ्चालित एम्बुलेन्स सेवालाई सरल, भरपर्दो, गुणस्तरिय, पारदर्शी र व्यवस्थित गरी सबै नागरिकको पहुँचमा एम्बुलेन्स सेवा पु्याउने उद्देश्यले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ जारी गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः-** यस कार्यविधिको नाम एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ रहेको छ ।

**२.परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) एम्बुलेन्स भन्नालेः- विरामी वा घाइतेलाई घटनास्थलदेखि अस्पताल पुऱ्याउँदासम्म अस्पतालपूर्व सेवा संचालन अनुमति प्राप्त गरेको जैविक, विद्युतीय लगायत उर्जाका अन्य श्रोतबाट चल्ने वाहन सम्झिनुपर्छ।

(ख) गाउँपालिका भन्नालेः- गेरूवा गाउँपालिका सम्झिनु पर्दछ।

(ग) कार्यपालिका भन्नालेः- गेरूवा गाउँपालिकाको कार्यपालिका लाई सम्झिनु पर्छ।

(घ) सभा भन्नालेः- गेरूवा गाउँपालिकाको गाउँसभा सम्झिनु पर्छ।

(ङ) स्वास्थ्य संस्था भन्नालेः- सरकारी अस्पताल, स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र,आयुर्वेद औषधालय सम्झिनु पर्दछ।

(च) कोष भन्नालेः- "एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोष" लाई सम्झिनु पर्छ।

(च) लगबुक भन्नालेः- एम्बुलेन्स सन्चालन समय,स्थान,प्रयोगकर्ता सहितको बिस्तृत बिवरण तयार गरिएको अभिलेख लाई सम्झिनु पर्दछ।

(छ) सर्भिसिङ भन्नालेः- एम्बुलेन्सको सामान्य मर्मत सम्भार,चेकजाँच,मोबिल परिवर्तन लगायतका कार्यलाई लाई सम्झिनु पर्दछ।

(ज) मर्मत सम्भार भन्नालेः- एम्बुलेन्समा जडित पाटपुर्जा,उपकरण बिग्रिएमा पसल,फर्म वा वर्कसपमा लिई सुधार वा नयाँ जडान गरी पुनः सञ्चालनमा ल्याउने कार्यलाई लाई सम्झिनु पर्दछ।

(झ) चालक भन्नालेः-एम्बुलेन्स चालकलाई सम्झिनु पर्दछ।

(ञ) समिति भन्नालेः- स्वास्थ्य संस्थाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति लाई सम्झिनु पर्दछ र सो शब्दले स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समिति समेतलाई जनाउछ।

**३. एम्बुलेन्स सञ्चालन गर्ने स्वास्थ्य संस्था सम्बन्धी व्यवस्थाः-**

(क) गाउँपालिका भित्रका स्वास्थ्य संस्थालाई कार्यपालिकाले निर्णय गरी एम्बुलेन्स हस्तान्तरण गरे पश्चात स्वास्थ्य संस्थाबाट सञ्चालन हुने व्यवस्था मिलाइनेछ।

(ख) एम्बुलेन्सलाई विरामी वा घाईतेको ओसारपसार गर्ने सेवा प्रयोजन बाहेक अन्यत्र प्रयोग गरेको पाइएमा प्रचलित कानुन अनुसार कारवाही गरिनेछ।

(ग) एम्बुलेन्स सेवा आवश्यकता भएका बेला कसैलाई पनि एम्बुलेन्स सेवा उपलब्ध गराउन ईन्कार गर्न पाईनेछैन।

(घ) एम्बुलेन्स सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको "एम्बुलेन्स सेवा निर्देशिका, २०८२" को अधिनमा रही एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्नेछ।

(ङ) एम्बुलेन्स सेवा सञ्चालन हुने स्वास्थ्य संस्था प्रमुखले स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको सल्लाह र सुझाब बमोजिम एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने छ ।

**४. एम्बुलेन्स सञ्चालन कोषको व्यवस्थापन :-**

(क) एम्बुलेन्स सञ्चालन गर्ने स्वास्थ्य संस्थास्तरमा एक छुट्टै "एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोष" खाता सञ्चालन गरिनेछ र एम्बुलेन्सबाट प्राप्त सेवा शुल्क उक्त कोषमा जम्मा गरिनेछ।

(ख) स्वास्थ्य संस्था स्तरको कोषमा जम्मा भएको रकमबाट एम्बुलेन्सको मर्मतसंम्भार, इन्धन लगाएत व्यवस्थापन समितिले वान्छनीय मानी निर्णय गरे बमोजिमका विविध खर्च यस खाताबाट उपलब्ध गराईनेछ।यदि उक्त कोषमा जम्मा भएको रकमबाट अपुग हुन गएमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले माग भई आएको अपुग रकम मनासिब ठानेमा थप रकम व्यवस्था गर्नेछ।

**५.मर्मत सम्भारः-** एम्बुलेन्स मर्मत सम्भार गर्नुपर्ने अवस्थामा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिले मर्मत सम्भार गर्नुपर्ने अवस्थाको पहिचान गरी निर्णय गरे पश्चात प्रचलित ऐन , कानुन, नियम र कार्यविधि बमोजिम मर्मत सम्भार गर्नुपर्ने छ र मर्मत सम्भार पश्चात स्वास्थ्य संस्था प्रमुखले खर्चको बिबरण स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको बैठकमा जानकारी सहित अनुमोदन गराउनु पर्नेछ ।

**६. गाउँपालिका बाट अनुदान रकम प्रदानः-** एम्बुलेन्स सञ्चालन तथा ब्यवस्थापन कोषमा भएको रकमले मर्मत सम्भार लगायतका विविध खर्च अपुग वा कठिनाई भई एम्बुलेन्स सेवा सन्चालन गर्न प्रतिकूल अवस्था सिर्जना भएमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिले समस्या सहित गाउँपालिकालाई अनुदान बजेट माँग भई आएमा कार्यपालिकाले समस्या पहिचान गरी अनुदान दिन उपयुक्त ठहऱ्याई गाउँ सभा बाट बिनियोजित खर्च शिर्षकहरू मध्ये बाट निर्णय गरी एम्बुलेन्स सञ्चालन तथा ब्यवस्थापन कोषमा अनुदान रकम प्रदान गर्न सकिनेछ, यसरी प्रदान गरिएको रकम आवश्यकता,औचित्यता र पारदर्शिता पुष्टी हुने गरी एम्बुलेन्स सेवा प्रदान गर्नुपर्ने छ ।

**७. समितिको काम कर्तव्य र अधिकारः-**

(क) एम्बुलेन्स सेवालाई सरल, पारदर्शि र नियमित सञ्चालनको ब्यवस्था गर्नुपर्ने छ ।

(ख) प्रचलित ऐन , कानुन, नियम र कार्यविधिमा उल्लेख भए अनुसार चालकले पालना गर्नुपर्ने नियमहरू पालना गरे नगरेको सुनिश्चित गर्नुपर्नेछ ।

(ग) एम्बुलेन्स सम्बन्धि कुनै जनगुनासो तथा उजुरी भएमा सोको सुनुवाई र ब्यवस्थापन गर्नुपर्ने छ ।

(घ) समितिको नियमित मासिक बैठकमा एम्बुलेन्स सेवा सम्बन्धि आम्दानी, खर्च,समस्या र समस्या समाधानका उपाय तथा सेवा सम्बन्धि बिवरणको बारेमा छलफल सहित निर्णय गर्नुपर्नेछ।

(ङ) सम्बन्धित तह र निकायमा पठाउनु पर्ने प्रतिवेदन पठाएको वा नपठाएको सुनिश्चितता गरी नपठाएको भए तुरुन्त पठाउने कार्यमा पहल गर्नुपर्ने छ ।

(च) एम्बुलेन्स सेवालाई पारदर्शि बनाउन प्रचलित ऐन , कानुन, नियम र कार्यविधिको अधिनमा रही समितिले मापदण्ड तयार गरी कार्य गर्न सक्नेछ ।

(छ) एम्बुलेन्स सेवा नियमित सन्चालनमा बजेटको अभाव भएमा समितिले सम्बन्धित तह र निकायमा समस्या सहित निर्णय गरी बजेट माँग गर्न सक्नेछ ।

(ज) जिल्ला एम्बुलेन्स ब्यवस्थापन समितिले निर्धारण गरेको सेवा शुल्क अनुसारको शुल्क लागु गर्नुपर्ने छ ।

(झ) समितिले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट जारी एम्बुलेन्स सेवा निर्देशिका, २०८२ मा उल्लेखित बिषयबस्तु हरूको पालना गर्ने र गराउनु पर्नेछ ।

**८. एम्बुलेन्स चालक सम्बन्धि ब्यवस्थाः-** नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट जारी एम्बुलेन्स सेवा निर्देशिका, २०८२ मा उल्लेख भए अनुसार हुनेछ ।

**९. लगबुक भर्नुपर्नेः-** एम्बुलेन्स प्रयोग गर्दा प्रत्येक पटक चालकले अनिवार्य रुपमा म.ले.प.फा. बमोजिमको सवारी साधन र मेशिन प्रयोगको लगबुक भरी स्वास्थ्य संस्था प्रमुखबाट प्रमाणित गराई राख्नु पर्नेछ।

**१०. लेखा परिक्षणः-** एम्बुलेन्स सञ्चालन तथा ब्यवस्थापन कोषमा प्राप्त आम्दानी र खर्चको अभिलेख दुरुस्त राखी समितिले प्रत्येक आर्थिक बर्षको लेखा परिक्षण प्रचलित ऐन , कानुन, नियम र कार्यविधि बमोजिम गराउनु पर्नेछ र सोको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले तिन महिना भित्र सम्बन्धित तह र निकायमा पठाउनु पर्नेछ ।

**११. प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा भएका बिषयबस्तु यसै कार्यविधि बमोजिम हुनेछ, यस कार्यविधिमा नभएका बिषय बस्तु नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट जारी एम्बुलेन्स सेवा निर्देशिका, २०८२ र प्रचलित ऐन, कानुन, नियम तथा कार्यविधि बमोजिम हुनेछ ।

**१२.बाधा अड्काउ फुकाउनेः-** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या वा द्विविधा भएमा सोको बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ।

आज्ञाले
बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत